गाउँसभामा २०७७ साल आषाढ १० गते

गाउँपालिका अध्यक्ष श्री भब बहादुर भण्डारी ज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७/०७८ को

# नीति तथा कार्यक्रम

रघुगंगा गाउँपालिका

मौवाफाँट, म्याग्दी

**रघुगंगा गाँउपालिकाका उपाध्यक्ष, गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, पत्रकारहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु !**

१. स्थानीय सरकारको प्रमुखको रुपमा रघुगंगा गाँउपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले हर्शको अनुभूति गरेको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रको युगसम्म आउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु ।हाल विश्व व्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड–१९ को कारणले ज्यान गुमाएका सम्पूर्ण ब्यक्तिहरुप्रति श्रद्धान्जली अर्पण गर्दछु र शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु ।

३. हामी आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट तयारीको पूर्व सन्ध्यामा रहँदा यस गाउँपालिकाको वडा नं ५ कोटगाउँमा पहिरो गई दुई जनाले ज्यान गुमाउन पुग्नुभएकोमा निजहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवार जनमा समवेदना प्रकट गर्दछु ।

४. स्थानीय सरकार सञ्चालनको तेस्रो वर्षको अन्ततर्फ आइपुग्दा संवैधानिक अधिकार सहितको तिन तहको सरकार बीचको सहकार्य, समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्तिसहितको नीति तथा कार्यक्रमलाई मध्यनजर गरी गाउँसभा मार्फत पारित ऐन नियम तथा कार्यविधिको आधारमा आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम तय गरिएको छ ।

**गाउँसभाका सदस्यहरू,**

५. आर्थिक बर्ष २०७७/०७८ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभन्दा अगाडी हामी जन प्रतिनिधिका रुपमा निर्वाचित भई आएपश्चात् हासिल गरेका केही महत्वपूर्ण उपलब्धिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

६. जनताको नजिकमा रहेर सेवा प्रवाह गर्दै शासन व्यवस्थामा जनताको सहज पहुँच पुऱ्याउने माध्यमका रुपमा रहेको स्थानीय सरकार कार्यपालिकीय, विधायिकी र न्यायिक तिनै अधिकार प्रयोग गर्न सक्षम हुँदै आइरहेको छ । स्थानीय सरकारको सुशासन, विकास र समृद्धिको लागि हामीले १९ वटा महत्वपूर्ण ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड जारी गरी कार्यान्वयनमा ल्याएका छौं ।

७. स्थानीय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान र कानुन वमोजिम न्यायिक समिति गठन भई न्यायिक समिति समक्ष दर्ता भएका विवादहरुको आपसी छलफल र मेलमिलापको माध्यमबाट समाधान गर्ने प्रयत्न गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ ले

व्यवस्था गरेको न्यायिक समितिको अधिकार क्षेत्रको मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरी उक्त केन्द्रको संयोजक समेत तोकि न्यायिक समितिबाट सूचिकृत गरेको मेलमिलापकर्ताबाट  कामकारवाही अगाडि बढेको छ ।

८. गाउँपालिकामा ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, धार्मिक, पर्यटकीय आर्थिक, प्राकृतिक रुपले महत्वपूर्ण क्षेत्र, स्थान वा कलालाई संरक्षण गर्ने नीति अनुरुप चिमखोलालाई सांस्कृतिक तथा रुईसे र टोड्केलाई पर्यटकीय क्षेत्रको रुपमा घोषणा गरिएको छ ।

९. ढुंगा, गिट्टी, बालुवा, माटो आदि प्राकृतिक एवं नदीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न गाउँपालिका क्षेत्रभित्रका वगरहरुको  प्रारम्भिक वातावरणीय परीक्षण गरी सो सम्वन्धि आय ठेक्का समेत सम्झौता गरी स्थानीय कर संकलन गरिनुका साथै  व्यवसाय दर्ता, होमस्टे दर्ता, हाईड्रोपावर दर्ता लगायत नयाँ आन्तरिक स्रोतको दायरा फराकिलो बनाई चालु आर्थिक वर्ष ०७६/०७७ मा अनुमानित आन्तरिक आय प्राप्त भई सकेको छ ।

१०. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन का साथै आधुनिकीकरण समेत गर्न गाउँ शिक्षा समितिको गठन गरिएको छ ।आधारभूत तहको परीक्षा सञ्चालन, अनुमगन र व्यवस्थापन गर्न छुट्टै कार्यविधि निर्माण गरि कक्षा आठको परीक्षा मर्यादित एवं व्यवस्थित रुपमा सम्पन्न गरिएको छ । प्रारम्भिक वाल विकास केन्द्रबाटै विद्यालयको शैक्षिक सुधार गर्न सहयोग पुऱ्याईरहेका बालशिक्षा सहजकर्ताहरु, विद्यालयको संचालन र संरक्षणमा सहयोग पुऱ्याईरहेका विद्यालय कर्मचारीहरु र विद्यालयको समग्र व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुरधारमा लागिपर्नु भएका प्रधानाध्यापकहरुको प्रोत्साहन भत्ता थप गरिएको छ ।

११. गाउँपालिकाले सहभागितामूलक योजना तर्जुमा प्रक्रियामार्फत चालु आर्थिक वर्ष ०७६/०७७ मा स्थानीयस्तरको विकासका लागि ११३ वटा वार्षिक योजना बनाई कार्यान्वयन गर्दै गर्दा जेष्ठ मसान्त सम्म पूँजिगत प्रकृतिका योजनाहरुको प्रगति करिव ८० प्रतिशत  पुगेको छ । त्यस्तै संस्थागत सुशासन र सेवा प्रवाह संग जोडिएका योजना तथा कार्यक्रम करिव सम्पन्न भई सकेको अवस्था छ ।नीति निर्माण, विकास निर्माणको अगुवाइ, अनुगमन एवं जनताको सुख दुःखमा साथ दिने गरी रघुगंगा गाउँपालिका सशक्त हुँदैछ ।

१२. आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोगको लागि नेपाल सरकार तथा प्रदेश सरकारसंग साझेदारी एवं संयुक्त व्यवस्थापनमा बृहत पूर्वाधार निर्माण लगायतका कार्य गर्दै आइएको छ ।

१३. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्न पाउने संवैधानिक अधिकारलाई प्रत्याभूत गर्न स्वास्थ्यकर्मी लगायतको सुविधा सहित ७ ठाउँमा सामुदायिक स्वास्थ्य

इकाई तथा अघिल्लो वर्ष झीँमा वर्थिङ सेन्टर स्थापना गरी संचालनमा ल्याईएको छ । त्यसैगरी नागरिकहरुको सेवाको लागि स्वास्थ्य सम्वन्धी वृहत शिविर, सबै वडाहरुमा चिकित्सक सहितको टोली मार्फत स्वास्थ्य परीक्षण गरी नागरिकहरुको घरदैलो सम्म स्वास्थ्य सेवा बिस्तार गरिएको छ ।

१४. वैकल्पिक चिकित्सा र आयूर्वेदप्रति जागरण ल्याउन आयुर्वेद प्रवर्ध्दन कार्यक्रम सम्पन्न गरिएको छ ।

१५. आर्थिक रुपले विपन्न, असक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, वालवालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, कडा तथा असाध्य रोग लागेका, दीर्घरोगीहरु, विभिन्न प्रकृतिका विपद्हरुबाट पीडित व्यक्तिहरुलाई विशेष सम्बोधन गरिएको छ ।

१६. उच्च कार्यसम्पादन एवं लगनशिलताका साथ चुस्त सेवा प्रवाह मार्फत स्थानीय सरकारका प्राथमिकता र कार्यक्रमहरुलाई नागरिक समक्ष पुऱ्याउन कर्मचारी वर्गबाट भएको सकारात्मक भूमिका उल्लेखनीय रहेको छ ।

१७. गाउँपालिका अध्यक्ष सुकुम्वासी व्यवस्थापन तथा आवास सुधार कार्यक्रम संचालन गर्न सो सम्वन्धी छुट्टै कार्यविधि निर्माण गरी गाउँपालिका भित्र रहेका सुकुम्वासी, घरवारविहिन, कच्ची टिन र खरले छाएका घर तथा शौचालय विहिन घर परिवारको लगत संलकनको कार्य सम्पन्न भै लगत संकलन समितिले गाउँकार्यपालिका समक्ष पेश गर्ने अन्तिम चरणमा छ ।जनता आवास र सुरक्षित नागरिक आवास निर्माणका लागि लगत सङ्कलन कार्य सम्पन्न भएको छ ।

१८. विकासमा निश्चित उदेश्य हासिल गर्न अपनाईने रणनीति, समय, क्रियाकलापहरु र साधन श्रोतको संयोजन गरी योजनावद्ध विकासको शुरुवात गर्न हाम्रो प्रथम पञ्चवर्षीय योजना २०७६/०७७ देखि २०८०/०८१ तर्जुमा भईसकेको छ।

१९. अनुदानमा आधारित विविध कृषिजन्य सामाग्री विउ/ विजन वितरण गरी कृषिमा आधुनिकीकरण गर्न प्रयत्न गरिएको छ । रोजगारी सिर्जनाको लागि प्रयाप्त अवसर प्रदान गरिएको छ ।

२०. हामीले लिएका नीतिहरुको कार्यान्वयनबाट स्थानीय नेतृत्वको विकास र स्थानीय शासन पद्धति सुदृढ हुने प्रशस्त आधारहरु तयार भएका छन् ।हरेक दिन एक कदम अगाडि बढ्ने हाम्रो दृष्टिकोण र शैलीका कारण सम्पूर्ण रघुगंगावासी नागरिकमा उत्साहको सञ्चार भएको छ ।

२१. घरघरमा स्नातक, टोलटोलमा प्राविधिक, वडावडामा स्वास्थ्यकेन्द्र, वस्ती वस्तीमा ज्येष्ठ नागरिक क्लव, नदी किनार र पर्ती जमिनमा सार्वजनिक उद्धान निर्माण गर्ने नीतिलाई निरन्तरता दिईएको छ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

२२. अव म गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

२३. मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी वृद्धि, स्थानीय नेतृत्व विकास, दिगो विकास, प्रभावकारी सेवा प्रवाहर कानुनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राख्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने तर्फ नीति तथा कार्यक्रम केन्द्रित छन् ।

**गाउँ सभाका सदस्यहरू,**

क्षेत्रगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक क्षेत्र

२४. आन्तरिक श्रोत बढाउन श्रोत सम्भाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

कृषि

२५. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को कारणले भएको लकडाउनबाट समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको वर्तमान अवस्थामा कृषि उपज वृद्धिका लागि जग्गा चक्लावन्दी, मल तथा विउविजनमा अनुदान, कृषि यान्त्रिकीकरण र बाँझो जमिनमा खेति गर्ने कृषकलाई प्रोत्साहन कार्यक्रम अगाडी वढाईने छ ।

२६. गाँउपालिका भित्र रहेका वास्तविक किसानहरुको पहिचानका लागि कृषक दर्ता कार्यक्रम अगाडी वढाई वित्तीय संघ संस्थाहरू मार्फत सहुलियत ऋण प्रदान गर्न पहल गरिनेछ ।

२७. कृषि विउविजनको सहज आपूर्ति, कृषि सामग्री व्यवस्थापन, सामुहिक खेती र वजार पँहुचका लागि सहकारी प्रणालीलाई प्रोत्साहन गरिने छ ।

२८. गुणस्तरीय खाद्यान्नमा सहज पँहुच र उपलब्धताको प्रत्याभूतीका लागि गाँउपालिकाभित्र उत्पादन हुने सम्पूर्ण स्थानीय वस्तुहरुको तथ्याङ्क सङ्कलन गरिने छ । साथै बजारको पँहुच नपुगी उपयोगमा नआउने बस्तुहरु नाफा सहितको प्रतिफल सुनिश्चित हुने गरी कृषकवाट खरिद गर्ने ग्यारेन्टी गरिने छ र सो को विक्रि गर्ने आवश्यक प्रवन्ध समेत गाँउपालिकाले गर्ने छ ।

२९. कृषकहरुको उत्पादनलाई वृद्धि गर्न माटो परिक्षण गरी अनुकुल बाली लगाउने कार्यको सुरुवात गरिने छ ।

३०. गाँउपालिका भित्रका खेतीयोग्य जमिन तथा वाँझो जमिनमा आवश्यक सिंचाइको व्यवस्था गरी कृषि उत्पादन बढाईनेछ ।

३१. पशुपालन तथा कृषि कार्यका लागि दीर्घकालीन योजना तयार गरी कृषि सडक तथा स्थानीय स्तरका सिँचाइ प्रणालीको निर्माण गरिनेछ ।

३२. राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) क्षेत्र विकास कार्यक्रम संचालन गरिने छ ।

३३. गाउँपालिका भित्रका मूख्य बालिहरुमा कृषि विमा गरिनेछ । सोको लागि छुट्टै कार्यविधि बनाई लागु गरिनेछ ।

३४. जडीबुटीको ब्यवसायिक खेतीका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

## पशुपालन

३५. बंगुरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिने छ ।

३६. यस गाँउपालिकाको उत्तरी क्षेत्रमा भेडा बख्राहरुका लागि चरनको सम्भावनायुक्त मैदानहरु रहेकोले सो को सदुपयोग गर्दै सङ्घीय सरकार, प्रदेश सरकार, गाँउपालिका र किसानको चौतर्फी साझेदारीमा *भेडा संरक्षण कार्यक्रम* सञ्चालन गरिने छ ।

३७. गाँउपालिका भित्र अकस्मात विरामी हुने पशु पशुपंछिहरुको उपचारको लागि आवश्यक औषधि र पशु प्राविधिकहरुको प्रवन्ध गरिने छ ।

## पर्यटन

३८. गाउँपालिका भित्र संचालनमा रहेका होमस्टेहरुको प्रभावकारी नियमन गर्दै होमस्टेलाई आन्तरिक तथा वाह्य पर्यटन प्रवर्ध्दन गर्न महत्वपूर्ण आधारका रुपमा विकास गर्न विशेष प्रवन्ध गरिनेछ ।

३९. वेगखोलाको लामो झोलुङ्गे पुल, भगवतीको रुईसे, पिप्लेको रानीपौवा, दग्नामको तातोपानी कुण्ड, झीँको टोड्के, पाखापानी मालिका मन्दिर, चिमखोलाको मण्डलीथान तथा कुईनेको रिखार मन्दिर लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरी रघुगंगा गाँउपालिकाको पहिचान तथा अर्थतन्त्रको आधारशिलाको रुपमा विकास गरिनेछ। यसको लागि पर्यटन मैत्री संरचना निर्माण तथा पर्यटन पूर्वाधार निर्माण गर्न विस्तृत पर्यटन गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

४०. निजी क्षेत्र संग समेत समन्वय गरी रघुगंगा पर्यटन महोत्सव आगामी वर्ष आयोजना गरिनेछ ।

## उद्योग ब्यापार र वाणिज्य

४१. महिला विकास कार्यक्रमद्वारा प्रवर्धिदत महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको अभियान अगाडी बढाइने छ ।

४२. उद्यमशीलता प्रवर्द्धनका लागि ***गाँउपालिका अध्यक्ष नवप्रवर्तन पुरस्कार र गाँउपालिका उपाध्यक्ष सफल महिला उद्यमी पुरस्कार*** स्थापना गरिने छ । गाँउपालिकामा नविनतम तरिका र प्रविधिबाट उद्योग व्यवसाय संचालन गर्ने उत्कृष्ट उद्यमीलाई गाँउपालिका अध्यक्ष नवप्रवर्तन पुरस्कार र गाँउपालिका भित्रका महिला उद्यमी मध्य उत्कृष्ट उद्यमीलाई गाँउपालिका उपाध्यक्ष सफल महिला उद्यमी पुरस्कार द्वारा सम्मान गरिने छ ।

४३. गाँउपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाइदै आएकोमा यसलाई थप व्यवस्थित गर्न साना तथा ठूला व्यवसायलाई अनिवार्य रुपमा दर्ता एवं नवीकरण हुनुपर्ने व्यवस्था गरिनेछ ।

४४. गाँउपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र बैज्ञानिक बनाईने छ । "***हाम्रो गाँउपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर***" भन्ने नारालाई साकार पार्न असल करदातालाई सम्मान र तोकिएको समयमै कर तिर्ने करदातालाई विशेष छुटको व्यवस्था मिलाइने छ। आगामी आर्थिक वर्ष देखि सम्पत्ति कर लागु गरि व्यवस्थित तरिकाले संकलन गर्न आवश्यक प्रवन्ध गरिने छ।

४५. गाँउपालिका भित्र निजी क्षेत्रबाट सञ्चालित आयोजनाहरुको समस्या समाधानका लागि अवश्यक सहजिकरण गरिने छ ।

४६. उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ लगायत निजी क्षेत्रको व्यापार व्यवसायको संरक्षण र प्रवर्द्धनमा सक्रिय रहँदै आएका संघ संस्थाहरु संग सहकार्य गरी उद्यमशीलताको विकास र व्यापार, व्यवसायको प्रवर्द्धन गरिनेछ ।

४७. गैरसरकारी संघ संस्थामा आवद्ध रही गाँउपालिका क्षेत्रभित्र कार्यरत रहेका विदेशी नागरिकको यथार्थ विवरण गाउँकार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा अध्यावधिक गरी जानकारी गराउनुपर्ने नीति अविलम्व लिईनेछ ।

सहकारी

४८. गाँउपालिकाको भौगोलिक क्षेत्रभित्र संचालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउदै स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि गरी सहकारी संस्थाको प्रवर्द्धन, परिचालन र विकास गरिनेछ । सहकारी सम्वन्धी स्थानीय तथ्यांक व्यवस्थापन र अध्ययन तथा

अनुसन्धान गरी दैनिक उपभोग्य वस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन र विक्री वितरण गर्ने सहकारीलाई विशेष अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख वस्तीहरुमा सुपथ मूल्यमा सहकारी पसल सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

४९. सवै नागरिकरुमा बैंक तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न सघन रुपमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

५०. गाँउपालिका भित्र संचालन हुने यातायातका साधनहरुको भाडादरमा एकरुपता कायम गर्न उपयुक्त स्थानीय भाडादर निर्धारण गरिनेछ ।साथै गाँउपालिका भित्रका निर्माण सामग्री र श्रमको उपयुक्त ज्याला तथा दर रेट निर्धारण गरिने छ ।

५१. जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिकपूर्वाधार, रोजगारीको अवस्था, कुल गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तिकरण सूचकांक, राजस्व तथा आय–व्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्व चित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गरिनेछ ।

**श्रम तथा रोजगारी**

५२. लकडाउनको कारणले रोजगारी गुमाई असहज अवस्थामा पुगेका असङ्गठित क्षेत्रका मजदुरहरु एवं असहायहरुलाई राहत बितरण गर्ने कार्यलाई आवश्यकता अनुसार निरन्तर अगाडी वढाईने छ ।

५३. कोरोना भाइरसको कारणले बैदेशिक रोजगारीबाट घर फर्किएका वा रोजगारी गुमाएका व्यक्तिहरुलाई प्राथमिकतामा राखि गाउँपालिकाका समग्र गतिविधि संचालन हुनेछन् ।

५४. गाँउपालिकामा सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा स्थानीय स्रोत र साधनको आदर्शतम् परिचालन गरिने छ साथै स्थानीय सीप र श्रमको प्रयोग मार्फत रोजगारीका अवसरहरु सिर्जना गरिने छ।

५५. गाँउपालिका भित्रका वेरोजगार यूवाहरुको लगत सङ्कलन गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध गराई न्युनतम सय दिनको रोजगारी प्रत्याभुत गरिने छ रोजगारमूलक कार्यक्रमका माध्यम मार्फत गरिवी न्यूनिकरण गर्न ***एक घर एक रोजगार कार्यक्रम*** लाई यसै कार्यक्रममा आवद्ध गरिने छ ।

५६. युवाहरुलाई स्वरोजगार बनाउनका लागि सिपमुलक तालिमहरु प्रदान गरी सिपको प्रमाण–पत्र प्रदान गरिनेछ ।

५७.गाउँपालिकाभित्र बिभिन्न विपद्जन्य घटनाबाट पीडित हुन पुगेका ब्यक्तिहरुको उद्दार तथा व्यवस्थापनको लागि युवाहरु परिचालन गरिने छ ।

**गरिबी निवारण**

५८."**समृद्धि र विकास निर्माणको आधार, महिलाको क्षमताको विकास**" नारालाई कार्यान्वयन गर्दै गाँउपालिका क्षेत्रभित्र महिला सशक्तिकरणका साथै उद्धमशिलताको विकास गर्न ***उपाध्यक्ष संग महिला सशक्तिकरण कार्यक्रम*** संचालन गरिनेछ ।

५९. गरिबी निवारण कोषसंगको सहकार्य गरी सामुदायिक संस्थाहरु मार्फत सामाजिक परिचालन, क्षमता विकास, आय आर्जन, ग्रामीण सामुदायिक पूर्वाधार र सहकारी विकासका कार्यहरु अगाडी बढाइने छ । गरिबसंग विश्वेश्वर कार्यक्रमलाई यसै कार्यक्रमसंग आवद्द गरिनेछ ।

## सामाजिक क्षेत्र

**शिक्षा युवा तथा खेलकुद**

६०.गाँउपालिका भित्रका सवै वालवालिकालाई आधारभूत तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा उपलव्ध गराई **पूर्ण साक्षर गाँउपालिका** बनाउने नीति अवलम्वन गरिने छ ।

६१.कोरोना भाइरसको कारणले भएको लकडाउनबाट शिक्षा क्षेत्रमा नकारात्मक प्रभाव परेको छ । बालबालिकामा निरन्तर अध्ययन गर्ने बानी बसाउनको लागि वैकल्पिक माध्यमबाट आवश्यक सजगता सहित सिकाइ सहजिकरण गरिने छ ।

६२. ***सवैका लागि शिक्षा अभियान*** सञ्चालन गरिने छ, जसका लागि सवै विद्यालयलाई वालमैत्री बनाउनुका साथै हाल कार्यान्वयनमा रहेको विद्यालय सुशासन तथा कर्मचारी व्यवस्थापन कार्यविधिको प्रभावकारी कार्यान्वयन गरिने छ ।

६३.विद्यार्थी सिकाइ उपलव्धिको परीक्षण र व्यवस्थापन गरी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि मार्फत हरेक विद्यालयलाई स्मार्ट विद्यालय बनाउने प्रक्रिया अगाडि बढाइने छ । साथै सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनलाई विशेष जोड दिईनेछ ।

६४.माध्यमिक तहका विपन्न विद्यार्थीलाई छात्रवृत्ति कार्यक्रमलाई अध्यक्ष ज्यूको भव वहादुर अक्षय कोष संग तादम्यता मिलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।आवासिय र गैर–आवासिय छात्रबृत्ती प्रदान गरिनेछ ।

६५. गाउँपालिका भित्र स्थायी बसोबास भई स्नातक तह अध्ययनरत जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका बिद्यार्थीहरुलाई निश्चित मापदण्डका आधारमा सार्वजनिक सूचना मार्फत छात्रबृत्ति प्रदान गरिनेछ। जिल्लाभित्रका सामुदायिक क्याम्पसमा अध्ययन अध्यापन हुने संकायका लागि जिल्लाभित्रनै र जिल्लाभित्र अध्ययन नहुने संकायका लागि देशैभर अध्ययनरत विद्यार्थीहरुले सहभागी हुन पाउने गरी निश्चित मापदण्ड तोकिनेछ । छात्रबृत्तिमा अध्ययन पश्चात गाउँपालिका भित्रका विद्यालयमा अनिवार्य सेवा गर्नुपर्ने गरी छात्रबृत्तिमा अनुबन्धित गरिनेछ ।

६६. परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षा जस्ता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम संचालन गरी शैक्षिक पहुँच सुनिश्चितता गरिनेछ ।

६७. विद्यालयमा छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गरिनेछ ।तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान तथा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिने छ ।

**स्वास्थ्य तथा जनसंख्या व्यवस्थापन**

६८. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को सम्भावित सङ्क्रमणको जोखिमलाई न्युनिकरण गर्नको लागि गाँउपालिकावासीहरुको स्वास्थ्य सुरक्षालाई प्रथामिकतामा राखिने छ । सोको लागि अत्यावश्यक स्वास्थ्य सामग्री तथा औषधी खरिद, मापदण्ड बमोजिम क्वारेन्टीन व्यवस्थापन, स्वयंसेवक परिचालन, नागरिक सहायता कक्ष सञ्चालन जस्ता कार्यहरु गरिने छ ।

६९. कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला सँगको अन्तरक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन गरिनेछ ।

७०. स्वास्थ्यकर्मिहरुको मनोवल उच्च वनाउनका लागि स्वास्थ्य बिमा गरिने छ ।

७१. पोषण कार्यक्रम मातृ तथा नवशिशुकार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम लगायत स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७२. महिला स्वास्थ्य स्वयमंसेविका र स्वास्थ्यकर्मिहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।

७३. नागरिकहरुको स्वास्थ्य विमा गर्ने अभियानलाई सक्रियताका साथ कार्यान्वयन गरिने छ ।

७४. वैकल्पिक उपचार पद्धतिको रुपमा आयुर्वेद उपचार सेवालाई विकास गर्ने नीति अवलम्वन गरिने छ । आयुर्वेद सेवा प्रवर्ध्दन सम्वन्धि कार्यक्रम अगाडी बढाईने छ ।

७५. आर्थिक स्थिती कमजोर रहेका पुनःउपचारमा रहेका पी.बि.सी. बिरामीहरुलाई उपचार अवधिभर पोषण खर्च तथा सम्पर्क परीक्षणको व्यवस्था गरिनेछ ।

७६. पशुपंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, AMR, सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदि विभिन्न सरुवारोग सम्बन्धि रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

७७. बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्ध्दन अभियान सम्पन्न गरिनेछ ।

७८. स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्वयंसेविकाका लागि आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्वन्धी प्राथमिक उपचार बारे अभिमुखिकरण/तालिम सञ्चालन गरिनेछ ।

७९. स्वास्थ्य संस्था मार्फत वितरण हुने औषधिको स्टोरलाई ब्यवस्थित गरिने छ ।

**लैङ्गिक समानता र सामाजिक समावेशिकरण**

८०. ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति, विधवा, दलित वालवालिका लगायतलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्रत्याभूत गरिदै आएकोमा आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकहरुलाई सुरक्षा प्रदान गर्न तथा सभ्य र लोककल्याणकारी राज्य व्यवस्थाका लागि गाँउपालिका अध्यक्ष सामाजिक सुरक्षा, संरक्षण तथा बचाउ कार्यक्रम संचालन गरिनेछ । सामाजिक सुरक्षा भत्तालाई सवै वडामा बैकिङ प्रणालीमा आवद्ध गरिनेछ ।जसमा आर्थिक सहायता, तत्काल राहत उद्दारका कार्यहरु सम्पन्न हुनेछन् ।

८१. जेष्ठ नागरिकहरुलाई सम्मानित र मर्यादित जीवन जिउने आधार सिर्जना गरिने छ । प्रत्येक वडामा जेष्ठनागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।

८२. महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको तथ्यांक संकलन तथा अद्यावधिक गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउने अभियानको सुरुवात गरिने छ ।साथै समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपोसार धुमपान, मद्यपान, सूर्तिजन्य पदार्थ र लागुपदार्थविरुद्ध सचेतनामूलक कार्यक्रमलाई "***हाम्रो समाज राम्रो समाज अभियानका***" रुपमा संचालन गरिने छ ।

८३. गाँउपालिका भित्र रहेका अपाङ्गता भएका /फरक क्षमताका व्यक्तिहरुलाई कार्यविधिको अधीनमा रही अपाङ्गता परिचय–पत्र बितरण गरिने छ ।अपाङ्गता भएका व्यक्तिहरुको हकहितको संरक्षणको लागि विशेष व्यवस्था गरिने छ ।

**खानेपानी तथा सरसफाई**

८४. गाँउपालिका भित्रका नागरिकहरुलाई सफा र स्वच्छ पिउनेपानी उपलव्ध गराउन जनतासंगको सहलगानीमा खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ ।

८५. पानीका मुहानहरुको संरक्षण एवं आवश्यक अन्य केही ठाउँमा लिफ्ट प्रविधिको पूर्वाधारहरु तयार गर्ने प्रक्रिया अगाडी बढाईने छ । हाल कार्यान्वयनमा रहेको *एक घर एक धारा* खानेपानी आयोजनालाई गाँउपालिका भर क्रमश विस्तार गर्दै लगिने छ ।

**मेला महोत्सव व्यवस्थापन**

८६. जिल्ला प्रहरी कार्यालय र स्थानीय सरकारविचको समन्वयमा संचालन गरिदै आएको लागुपदार्थ दुव्यर्सन रोकथाम सम्वन्धी कार्यक्रमलाई थप प्रभावकारी वनाईनेछ । त्यस्तै जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका विचको आपसी समझदारीमा तयार गरिएको जिल्ला भित्र संचालन गरिने मेला तथा महोत्सव संचालन सम्वन्धी मापदण्डलाई हाम्रो सरकारले तर्जुमा गरेको मेला तथा महोत्सव सम्वन्धी कार्यविधिको अभिन्न अंगका रुपमा ग्रहण गरी स्थानीय मेला तथा महोत्सवलाइ प्रभावकारी रुपमा नियमन गरिने छ ।

## पूर्वाधार विकास

**भौतिक योजना र पूर्वाधार विकास**

८७. विगतबाट पाठ सिक्दै आगामी आर्थिक वर्षमा टुक्रे योजना तथा कार्यक्रम पूर्णत निरुत्साहित गर्दै *एक वडा एक गौरवको योजना* संचालन गरिनेछ ।आर्थिक बर्षको अन्त्य तिर हुने चापलाई न्युन गराउनका लागि योजना सम्झौताका कार्यलाई श्रावण महिनाबाट शुरु गरिनेछ । साथै गौरवका योजना र मेशिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथासम्भव ठेक्का प्रकृयामार्फत सम्पन्न गरिनेछ । ठेक्का मार्फत सम्पन्न हुने योजनाहरुमा समेत स्थानीय श्रम र सीपको प्रयोग गर्न सहजिकरण गरिने छ ।

८८. गाँउपालिकाभित्र विगतदेखि सञ्चालित क्रमागत योजनाहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ भने मर्मत सम्भार कोषलाई आवश्यक कार्यविधि बनाई व्यवस्थित बनाउँदै लगिनेछ ।

८९. गाउँपालिकाका गौरबका आयोजनाहरुलाई समयमानै सम्पन्न गर्नको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

९०.जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकार विचको समन्वयमा एक वार्ड एक हेलिप्याड निर्माण कार्यक्रम पूर्णत: सम्पन्न भएको छ । यसलाई आगामी वर्षमा वडा नं १, २, ३ मा छिट्टै सम्पन्न गरिनेछ ।

सडक तथा पुल

९१.गौरवको आयोजनाको रुपमा दग्नाम–चिमखोला कुइनेमंगले मोटरबाटो तथा कालोमुडा–रायखोर मोटरबाटो निर्माणको कार्य अगाडी बढाइने छ । यसका लागि गण्डकी प्रदेश सरकारसंग साझेदारी गरिनेछ ।

९२.गौरवकै आयोजनको रुपमा वडा नं १ मा झोलुङ्गे पुल देखि भुमेस्थान सम्म पदमार्ग तथा मोटरबाटो निर्माणको कार्य गरिनेछ ।

९३.यस आ.ब.मा समेत काम भइरहेको झीं–पाखापानी सडकको थप स्तरोन्नती र कालोपत्रेको कार्य अगाडी बढाइने छ ।प्रदेश सरकार संगको सहलगानीमा उक्त बाटो सम्पन्न गरिनेछ ।

९४.तुंदी हाइड्रोपावर र उपल्लो ठूलो खोला हाइड्रोपावर संग सहकार्य गरी चिमखोला–वगरखोला र राहुघाट–घ्यासीखर्कमा मोटरेबल पुल निर्माण गरिनेछ ।

९५.झीँ टोड्के मोटरबाटोको विस्तृत परियोजना प्रतिवेदन सम्पन्न भएकोले उक्त बाटो निर्माणको लागि संघीय सरकारसंग आवश्यक पहल गरिनेछ ।

९६.झोलुङगे पुल मार्फत छरिएर रहेका वस्ती विचको दुरी कम गरी सामाजिक आदान प्रदान तथा प्रशासनिक सुगमताका लागि झोलुङगे पुल निर्माणमा नेपाल सरकार तथा प्रदेश सरकार संग आवश्यक सहलगानी तथा समन्वय गरिनेछ ।

भवन

९७.गाउँपालिकाको जग्गा व्यवस्थापनको कार्य यसै आ.ब. मा सम्पन्न हुने भएकोले उक्त जग्गामा आगामी आ.ब. भित्रै बहुउदेश्यीय सभाहल निर्माण कार्य सम्पन्न गरिनेछ । विस्तृत परियोजना प्रतिवेदन सम्पन्न भईसकेको अस्पताल र प्रशासकीय भवनको निर्माण प्रक्रिया अगाडी बढाईने छ ।

९८.वडा नं ५ झीँ वडा कार्यालयका लागि जग्गा खरिद प्रक्रिया आगामी आ.ब. मा सम्पन्न गरिनेछ ।साथै वडा कार्यालयहरुलाई व्यवस्थित गर्ने प्रक्रियालाई क्रमश अगाडि बढाइने छ ।

९९.गौरवको आयोजनाको रूपमा वडा नं ५ मा समाज घर निर्माण तथा वडँ नं ३ मा ट्रेनिङ्ग सेन्टर व्यवस्थापन गरिनेछ ।

## बिद्युत

१००. गाँउपालिका भित्र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा संचालनमा रहेको राहुघाट जलविद्युत आयोजना समयमा नै सम्पन्न गर्न स्थानीय सरकारका तर्फबाट आवश्यक सहयोग एवं समन्वय गरिनेछ । साथै गाउँपालिका भित्र अन्य जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गरी ***उज्यालो रघुगंगा*** निर्माण गर्न जलविद्युतमा समेत साझेदारीमा लगानी गरिनेछ ।

## जल विद्युत तथा वैकल्पिक उर्जा

१०१. वायोग्यास, बायोमास, सौर्य उर्जा लगायत वैकल्पिक उर्जाको प्रवर्ध्दन र परिप्रयोगको व्यवस्था गरिनेछ ।

१०२. घना बस्तीहरुमा शौर्य उर्जाको प्रयोग गरी चौक तथा सार्वजनिक स्थलहरुलाई उज्यालोमा परिणत गर्दै उज्यालो शहरको कार्यक्रमको विकसीत गरिनेछ ।

## शहरी योजना र विकास

१०३. कुईनेमंगलेको चौरखानी जस्ता जोखिमयुक्त वस्ती पहिचान गरी सुगम यातायातको व्यवस्थासहितको एकिकृत सामूहिक आवासको व्यवस्था गर्ने नीति राखिनेछ ।

१०४. सुकुम्वासी तथा विपन्न नागरिकको पहिचान र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरी सुकुम्वासी तथा विपन्न नागरिक सम्वन्धी जीविकोपार्जन र वसोवासको व्यवस्थापनका लागि उचित प्रवन्ध गरिनेछ। साथै कार्यान्वयनमा रहेको *गाँउपालिका अध्यक्ष सुकुम्वासी व्यवस्थापन तथा आवास सुधार कार्यक्रमलाई* थप प्रभावकारी बनाईनेछ ।

१०५. गाँउपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानुनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ । गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाइनेछ ।

१०६. गाउँपालिकाभित्र सम्पन्न भई सकेका सडक पूर्वाधारहरुको लगत कट्टा गर्ने नीति अवलम्बन गरिनेछ ।

१०७. ढल निकास र फोहोरमैला व्यवस्थापनका लागि तयारी गरिनेछ ।

## बन, वातावरण तथा विपद् व्यवस्थापन

१०८. वातावरण संरक्षण, हरियाली प्रवर्ध्दन र वृक्षारोपण, पालिकाको शौन्दर्यता र सो को संरक्षण, भू:संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

## विपद् व्यवस्थापन

१०९. स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्व सुचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, स्थानीय तटवन्ध, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ । विपद् व्यवस्थापनका लागि वडा/वडामा गठित विपद् व्यवस्थापन समिति लाई थप क्रियाशील बनाउदै युवा परिचालनका लागि ***गाँउपालिका अध्यक्ष संग युवा कार्यक्रम*** संचालन गरिनेछ ।

## भूमि व्यवस्था

११०. सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ ।यसका लागि गाउँपालिकामा गठित सार्वजनिक तथा सरकारी जग्गा संरक्षण समितिलाई थप क्रियाशिल बनाईनेछ । ***वि.सं. २०७६-२०७८ लाई सार्वजनिक सम्पत्ति जग्गा संरक्षण वर्ष अभियान***का रुपमा अगाडि बढाउने गरि आ.व. २०७६।०७७ देखि कार्यान्वयनमा रहेको कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१११. गाउँपालिका भित्र रहेको गुठीको समस्यालाई यथाशीघ्र सम्वोधन गर्न प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

११२. गाँउपालिकाका भित्र व्यक्तिको स्वामित्वमा रहेका सम्पुर्ण जग्गाहरुको उपयुक्त न्युनतम मुल्याङ्कन दर कायम गरिने छ ।

# शुसासन तथा संस्थागत क्षमता विकास

## संगठन संरचना, दरबन्दी

११३. रघुगंगा गाँउपालिकाको मितव्ययी सांगठनिक स्वरुप तथा दरवन्दी संरचना निर्माण गरी स्वीकृत दरवन्दी संरचनाभन्दा थप व्यय भार नपर्ने गरि प्रशासनिक संरचना खडा गरिने छ ।

## शुसासन र सेवा प्रवाह

११४. योजनाहरुको गुणस्तर सुनिश्चित गर्ने नियमित अनुगमन तथा सुपरीवेक्षणका लागि पालिकास्तर र योजना स्तरमा रहने अनुगमन समितिहरुलाई क्रियाशिल बनाइने छ। वडा स्तरमा रहने अनुगमन समितिहरुलाई अझै क्रियाशिल बनाइने छ ।

११५. गाँउ कार्यपालिकाको कार्यलयमा अतिरिक्त समयमा खटिई काम गरेको खण्डमा प्रमुख प्रशासकीय अधिकृत र निजको निर्देशन बमोजिम खटिने कर्मचारी हरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरि मनोबल उच्च तुल्याउदै उत्पादकत्वमा बृद्धि गरिने छ ।

११६. गाँउ कार्यपालिकाको कार्यलय र सो अन्तर्गतका कार्यलयहरुको प्रशासनलाई सेवाग्राही मैत्री चुस्तदुरुस्त, छिटोछरितो, मितव्ययी, पारदर्शी, जवाफदेही र निष्पक्ष बनाई सेवाप्रवाहमा सर्वसाधारणको सरल सहज र समावेशी पँहुच सुनिश्चित गरिने छ।

११७. आगामी आर्थिक वर्षका लागि तय भएका योजना तथा कार्यक्रमहरु सबै प्रक्रिया पुरा गरि पौष मसान्त भित्र सम्झौता कार्य सम्पन्न गरिने छ ।

११८. गाउँपालिका अध्यक्षले वडाध्याक्षसंग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख संग मापन योग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सम्वन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाईनेछ । साथै कार्यसम्पादनमा आधारित करार सेवा पद्धति अवलम्वन गरिने छ ।

११९. कृषि लगायत विकासका पक्षहरुमा व्यापक छलफल तथा स्थानीय सरकारका कामकारवाहीमा एकरुपता एवं सामाज्यस्यता कायम गर्न कोभिड–१९ को सन्त्रास कम हुँदा साथ नै जिल्ला भित्रका अन्तर स्थानीय सरकारका विचमा वृहत अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

१२०. म्याग्दी जिल्ला हिमाली जिल्ला घोषणा भए संगै गाँउपालिकाको जनसंख्या, भूगोल, प्रशासनीक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलव्धता, भाषिक, सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा रघुगंगा गाउँपालिकामा एक वटा गाउँपालिका थप गर्न प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष प्रस्ताव पेश गरिनेछ ।

**संस्थागत व्यक्तिगत र मानव संशाधन विकास**

१२१. विषयगत समिति गाउँसभाका सदस्यहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी विकास र सेवा प्रवाहमा गुणस्तर कायम गर्न तालिम, प्रशिक्षण र अभिमुखीकरणका साथै भ्रमण अवलोकन गराईनेछ ।आन्तरिक पर्यटन प्रवर्द्धन गर्नको लागि देश दर्शन अभियान अन्तर्गत कर्मचारीलाई सामुहिक रुपमा वर्षमा सात दिन खर्च सहितको आन्तरिक पर्यटन काजको व्यवस्था गरिने छ ।

१२२. विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाईनेछ । वडामा स्थापना गरिएका मेलमिलाप केन्द्रलाई मेलमिलाप मार्फत विवाद समाधान गरी शान्ति स्थापना गर्ने केन्द्रको रुपमा विकसित गरिनेछ ।

१२३. मेलमिलाप कर्ताहरुको लागि पूनर्ताजगी तालिम मार्फत क्षमता अभिबृद्धि गरिनेछ । न्याय सम्पादनको क्रममा आवश्यकत पर्ने इलजास कक्षको निर्माण गरिनेछ ।

१२४. गाँउसभाका सदस्यहरु,विषयगत समितिहरुको क्षमता अभिवृध्दिका लागि आवश्यक प्रवन्ध गरिने छ ।

## बित्तीय अनुशासन र पारदर्शिता

१२५. भ्रष्टाचारजन्य क्रियाकलापहरुमा शुन्य सहनशीलताको नीति अवलम्बन् गर्दै भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने आधार सिर्जना गरिने छ ।

१२६. समृद्ध रघुगंगा निर्माणका लागि यस गाउँपालिकाको प्रशासनलाई निष्पक्षता तटस्पथताको, प्रतिवद्धताको सिद्धान्त प्रति समर्पित गराइने छ ।

१२७. गाँउपालिका भित्र सदाचारिता नैतिकता मितव्ययिता कुशलता र प्रभावकारिता झल्कने गरि कार्य गर्ने कर्मचारीलाई *गाँउपालिका उत्कृष्ट कर्मचारी* पुरस्कारबाट सम्मान गरिने छ ।

## सार्वजनिक सुनुवाई

१२८. गाउँपालिकाका आर्थिक, प्रशासनिक विकास निर्माण लगायतका विषयमा जनगुनासो सम्बोधन र जनअपेक्षा बमोजिम अगाडी बढ्ने प्रयोजनको लागि सार्वजनिक सुनुवाई सम्पन्न गरिनेछ ।

## आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणाली

१२९. कार्यालयको लेखा प्रणालीलाई त्रुटी रहित बनाउनका लागि आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## अन्तिम लेखा प्रणाली र बेरुजु फछ्र्यौट

१३०. अन्तिम लेखा परीक्षणले औंल्याएका त्रुटीहरु सुधार गरी फछ्र्यौटका लागि आवश्यकता अनुसार गाउँ सभा समक्ष पेश गरिनेछ र समयमै समपरीक्षण गरि बेरुजु फछ्र्यौटको व्यवस्था गरिनेछ ।

## पञ्जीकरण व्यवस्थापन

१३१. गाउँपालिका भित्रका व्यक्तिगत घटनाहरुको समयमै दर्ता गर्ने पद्दतिको विकास गरिनेछ । सो सम्बन्धमा सचेतनाका कार्यक्रम समेत संचालन गरिनेछ । पञ्जिकरण सम्बन्धी कार्यहरु व्यवस्थित रुपबाट अगाडी बढाइने छ

## विद्युतीय सेवा तथा सूचना प्रविधि र संचार

१३२. सेवा प्रवाहलाई  सूचना प्रविधिमा आधारित गराई स्मार्ट गाउँपालिका बनाइनेछ ।इन्टरनेट विस्तारको कार्यलाई अगाडी बढाइने छ ।

१३३. सूचना प्रवाहमा पत्रकारिताको व्यापक प्रयोग गर्न पत्रकारिता प्रर्वदन कार्यक्रम संचालन गरिनेछ । साथै उत्कृष्ट पत्रकारिता गरी हाम्रो समृद्धिको यात्रामा सहयोग प्रदान गर्ने पत्रकारलाई उचित सम्मान गरिनेछ ।

१३४. सामाजिक संजालमा व्यक्त हुने अमर्यादित तथा असभ्य व्यवहारहरुलाई निरुत्साहित गर्दै सभ्य समाज निर्माणमा जोड दिईनेछ ।

१३५. पारदर्शी सरकार निर्माणमा जोड दिन गाँउपालिकाको डकुमेन्ट्री निर्माण तथा रेडियो कार्यक्रम मार्फत ***हाम्रो रघुगंगा राम्रो रघुगंगा र रघुगंगा सेरोफेरो कार्यक्रम*** लाई निरन्तरता दिईनेछ ।

**गाउँसभाका सदस्यहरू,**

१३६. यी नीति तथा कार्यक्रमको कार्यान्वनयबाट "समृद्ध रघुगंगा,सुखी रघुगंगावासी" को गन्तव्यमा पुगी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन ।सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

१३७. समृद्ध रघुगंगा सुःखी रघुगंगा बासी नाराका सवै क्षेत्र तथा आयामहरु समृद्ध नेपाल सुःखी नेपाली संग तादम्यता हुने गरी कायम गरिएको छ ।हरेक स्थानीय तहले सो लाई प्राथामिकताका साथ कार्यान्वयनमा ल्याउदा नेपाल सरकारले लक्ष्य अवस्य पुरा हुनेमा विश्वस्त छु ।

१३८. अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सवैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सवैको सद्भाव, र सहयोग हुनेमा विश्वस्त छु।गरिमामय यस गाउँसभाबाट रचनात्मक सुझावको अपेक्षासहित विदा हुन्छु । धन्यवाद !

जय रघुगंगावासी !

जय रघुगंगा गाउँपालिका !

भव बहादुर भण्डारी

गाउँपालिका अध्यक्ष